# स्थानीय राजपत्र

## इन्द्रसरोवरद्धारा प्रकाशित

खण्ड ४ संख्या ४ मिति २०७७/७/९


# इन्द्रसरोवर गाउँपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकका बाट स्वीकृत मितिः २०७७/०७/०४

**प्रस्तावना**

इन्द्रसरोवर गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ३८ को उपदफा १ को आवश्यक व्यवस्था गर्न इन्द्रसरोवर गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ताको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागि इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

# परिच्छेद एक
# प्रारम्भिक

## १. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क) यो कार्यविधिको नाम इन्द्रसरोवर गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि इन्द्रसरोवर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुमा हुने अस्थायी, करार तथा राहत अनुदान कोटा नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग) यो कार्यविधि स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, आधारभूत तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार बाट तलब भत्ता पाउने गरी स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार, परियोजना तथा राहत अनुदानकोटामा नियुक्त हुने शिक्षक कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

## २. परिभाषा

क) 'ऐन' भन्नाले इन्द्रसरोवर गाउँपालिका शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

ख) शिक्षक सेवा आयोग' भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

ग) 'गाउँपालिका' भन्नाले इन्द्रसरोवर गाउँपालिका सम्झनुपर्छ ।

ग) 'शिक्षा शाखा' भन्नाले इन्द्रसरोवर गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

घ) 'कार्यविधि' भन्नाले इन्द्रसरोवर गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ सम्झनुपर्छ ।

ङ) 'विशेषज्ञ' भन्नाले माध्यमिक र निम्न माध्यमिक तहको हकमा विषय विशेषज्ञ र प्राथमिक तहको हकमा गाउँपालिकामा सुचिकृत भएको विशेषज्ञ सम्झनुपर्छ ।

च) 'छनौट समिति' भन्नाले दफा ५ बमोजिम गठित शिक्षक तथा कर्मचारी छनौट समिति सम्झनुपर्छ ।

## परिच्छेद दुई

## नेपाल सरकारबाट स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

**३. नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा पदपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोलि सात दिनभित्र जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पन्ध्र दिनभित्र गाउँपालिकामा पदपूर्ति अनुमति माग गर्ने |

(३) पदपूर्ति माग भएकोमा शिक्षा शाखाले तह श्रेणी र विषय खोलि पदपूर्ति अनुमति दिनेछ |

(४) पदपूर्ति अनुमति प्राप्त भएपछि विद्यालयले दैनिक पत्रिकामा १५ दिनको विज्ञापनको सुचना प्रकाशित गर्नुपर्नेछ | साथै वडा कार्यालय गाउँ कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना इन्द्रसरोवर गाउँपालिकाको वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(५) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, शिक्षक अध्यापन अनुमति पत्र र नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(६) शिक्षा शाखाको परामर्शमा विद्यालयले कम्तिमा ५ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नुपर्नेछ ।

(७) विज्ञापनको म्याद समाप्त भएपछि उपदफा ५ बमोजिम गठित छनौट समितिले शिक्षक छनौट गरि करारमा शिक्षक नियुक्त गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**४. स्वीकृत दरबन्दीमा करार शिक्षक नियुक्ति सम्बन्धि विशेस व्यवस्था**

(१) स्वीकृत दरवन्दीमा करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा शाखा मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको कारार सूची माग गर्नु पर्नेछ ।करार सुचीबाट शिक्षक नियुक्तिको लागि सुचना गर्नेछ ।

(२ ) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये योग्यताक्रम अनुसार व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले दफा ३ को उपदफा ४ र ५ बमोजिम बढीमा एक शैक्षिक सत्रको लागि सिफारिस गरेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

**५. शिक्षक तथा कर्मचारी छनौट समिति :**

(१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहत / अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका

लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य

ख) गाउँ पालिकाको शिक्षा अधिकृत

ग) गाउँपालिकाले तोकेको विशेषज्ञ २ जना

घ) प्रधानाध्यापक

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(३) समितिको काम कर्तब्य र अधिकार

क) बिषय विज्ञ मार्फत शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारको प्रश्न पत्र तयार गर्ने |

ख) लिखित तथा अन्तरबार्ता परिक्षा लिने र आवश्यक ठानेमा प्रयोगात्मक परिक्षा समेत लिने

ग) नतिजा प्रकासन तथा सिफारिस गर्ने |

घ) सफल उमेदवार विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने |

(४) उपदफा १ बमोजिमको छनौट समितिमा विशेषज्ञ छनौट गर्दा गाउपालिकामा सुचिकृत विषय विशेषज्ञ मध्येबाट परिक्षा संचालन हुने दिन विहान छनौट समितिका अध्यक्ष, सदस्य र सदस्य सचिवको रोहबरमा गोला प्रथाद्वारा छनौट गर्नुपर्नेछ |

(५) छनौट समितिमा सामाजिक विकास समिति संयोजक अथवा गाउँपालिका अध्यक्षले तोकेको जनप्रतिनिधि प्रयबेक्षकको रुपमा रहन सक्नेछन ।

## ६. छनौट प्रक्रिया :

(१) करारमा शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रमअनुसार परिक्षा संचालन गर्नु पर्नेछ ।

(२) लिखित परिक्षा र अन्तरबार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाइ छनौट समितिले सफल उम्मेदवारको रुपमा करार नियुक्तिका लागी विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनौट गर्नुपर्नेछ ।

(४) दफा ५ बमोजिम गठित समितिले सिफारिस गरि पठाएको उम्मेदवारलाइ विद्यालयले सात दिन भित्र बढीमा एक शैक्षिक सत्रको लागि करार सम्झौता गरि नियुक्ति दिई काममा लगाउनु पर्नेछ । शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखीकरणको लागि शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ । सात दिन भित्र नियुक्ति नलिएमा वा काममा

नगएमा स्वत खारेज गरि वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ । विद्यालयले प्रत्येक शैक्षिक सत्रको शुरुमा उक्त म्याद थपेको पत्र अभिलेखीकरणको लागि शिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ । विचमा स्थाई नियुक्ति भइ कुनै शिक्षक आएमा कारार सम्झौता स्वत खारेज हुनेछ ।

(६) यस कार्यविधि वमोजिमको प्रक्रिया नपुर्याइ शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा गाउँ शिक्षा समितिबाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(७) विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलब भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(८) माथि जुनसुकै कुरा लेखिएको भए पनि विद्यालय सहयोगी , बाल बिकास सहजकर्ता र खाजा वनाउने भान्छेको पद पूर्ति गर्दा सम्बन्धित विद्यालयले कर्मचारी पदपूर्ति सम्बन्धि

विधान तयार गरि गाउँपालिकाको अनुमतिमा नियुक्त गर्न सक्ने छ ।

## परिच्छेद ३

### पारिश्रमिक दररेट

### शिक्षक छनौट परिक्षा संचालन गर्दा विद्यालयले दिनुपर्ने पारिश्रमिक

**७. प्रश्नपत्र निर्माण :-**

सबै तहका विषयगत प्रश्नको सेट, प्रश्न बनाए वापत अनुसारको एकमुष्ट रु २०००/- पारिश्रमिक दिने

**८. प्रश्नपत्र मोडेरेशन**

प्रश्नपत्र मोडेरेशनमा संलग्न हुने कर्मचारीलाई निम्न बमोजिमको पारिश्रमिक दिने:-

| विवरण | परिमार्जनमा संलग्न हुने अधिकृत कर्मचारीलाई | टाइप गर्ने कर्मचारीलाई |
|---|---|---|
| वस्तुगत तथा विषयगत दुवै किसिमका प्रश्न भएको प्रश्नको प्रति सेट | ५००। | ३००। |

**९. परिक्षा संचालन**

परिक्षा संचालन गर्दा परीक्षामा संलग्न कर्मचारीलाई निम्न बमोजिम पारिश्रमिक दिने:

## (१) लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

| जनशक्तिको विवरण | रुकम (रु) |
|---|---|
| परीक्षा सुपरिवेक्षक | २०००। |
| केन्द्राध्यक्ष | ५००। |
| निरीक्षक | ५००। |
| सहयोगी | ३५०। |

## (२) प्रयोगात्मक परीक्षाः

प्रयोगात्मक परीक्षा लिँदा दक्ष बोलाइएको अवस्थामा निजलाई रु.१०००/- पारिश्रमिक दिने ।

## १०. उत्तरपुस्तिका परीक्षणः

विषयगत प्रश्नको उत्तर पुस्तिका परिक्षणको देहायका आधारमा रु.१०००/- पारिश्रमिक उपलब्ध गराउने ।

## ११. विषयगत उत्तरपुस्तिकाको प्राप्ताङ्क रुजु

उत्तरपुस्तिका प्राप्ताङ्क रुजु गरेवापत प्रति उत्तरपुस्तिका रु.१० का दरले पारिश्रमिक दिने ।

## १२. खाना खाजा खर्च

विहान बेलुका कार्यालयमा काम गर्नु पर्दा र राती समेत बसेर काम गर्दा खाना खाजा रकम दिने ।

| | |
|---|---|
| क विहान ७ बजेदखी उपस्थित भई काम गर्नुपर्दा | रु.३५०। |
| ख विहान ७ बजे देखी नै उपस्थित भई काम गरी राती समेत बस्नुपर्ने भएमा | रु. ५००। |

## १३. अन्तवार्ता

अन्तवार्ता लिँदा समितिमा दक्ष तथा अन्तवार्ता समितिमा अध्यक्ष तथा सदस्यका रुपमा रहने सदस्यहरुलाई निम्न बमोजिम पारिश्रमिक दिने |

| **अन्तर्वार्ता हुने श्रेणी/तह** | **रकम** |
|---|---|
| मावि तह | ५०० । |
| आधारभूत तह | ५००। |

## १४. शैक्षिक योग्यता, परिक्षा संचालन, नतिजा प्रकाशनः

शैक्षिक योग्यता, परिक्षा संचालन, नतिजा प्रकाशन सम्बन्धी समितिको बैठकमा भाग लिने दक्ष/विज्ञ र समितिका सदस्यहरुलाई बैठकभत्ता वापत प्रति बैठक रु.५००।— पारिश्रमिक दिने ।

**१५.** यस गाउँपालिका भन्दा वाहिरका विद्यालयबाट बिषय विज्ञ आउनु पर्ने भएमा यातायात खर्च बाफतको रकम उपलब्ध गराउने ।

## परिच्छेद ४

## विशेषज्ञ सम्बन्धि व्यवस्था

**१६. विशेषज्ञ सूचीकरण प्रक्रिया :-**

(१ ) दफा ५ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन् चाहने स्थाई शिक्षकले गाउँपालिकाले सूचना प्रकासित गरि तोकेको अवधिभित्र तोकेको कागजात र दस्तुर सहित निबेदन दिनुपर्नेछ ।

(२) शिक्षा शाखाले उपदफा १ बमोजिम पर्न आएका निबेदन छानबिन गरि प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सुची प्रकासित गर्नेछ ।

(३) विशेषज्ञको योग्यता :- विशेषज्ञ हुन् देहायको योग्यता आवश्यक पर्नेछ ।

क) सम्बन्धित तहमा स्थायी सेवा अवधि एक वर्ष पुराभै कम्तिमा तिन बर्षको शिक्षण अनुभब भएको ।

ख) आधारभूत तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त ।

ग) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त ।

(४) विशेषज्ञ छनौट सम्बन्धि व्यवस्था :-

क) कुनै विषयमा कम्तिमा चार जना विशेषज्ञ सुचिकृत नभएमा वा सुचिकृत विशेषज्ञ उपलब्ध नभएमा मकवानपुर जिल्लाभित्रका अन्य नगरपालिका तथा गाउँपालिकामा सुचिकृत विशेषज्ञबाट समेत छनौट गर्न सकिनेछ ।

ख) उपदफा (१ ) बमोजिमका विशेषज्ञबाट गोलाप्रथाबाट छनौट समितिले विशेषज्ञ छनौट गर्नेछ ।

ग) मकवानपुर जिल्लाभित्रका अन्य स्थानीय तहमा सुचिकृत विशेषज्ञको सुची शिक्षा शाखाले माग गरि अभिलेख राख्नेछ ।

## परिच्छेद ५
## विविध

**१७. संशोधन :-**

यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा तत्काल कायम गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक संशोधन गर्न सकिनेछ ।

**१८. ब्याख्या :-**

यो कार्यविधिको प्रयोगमा दिविधा उत्पन्न भएमा इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१९. बाझिएमा अमान्य हुने :-**

यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

**आज्ञाले**

**किरण निधि तिवारी**

**प्रमुख प्रशासकीय अधिकृत**

**इन्द्रसरोवर गाउँपालिका मकवानपुरको इन्द्रसरोवर गाउँपालिका**
**शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७**

खण्ड ४ संख्या ४ मिति २०७७/७/९

**मुल्य रु.१०**